# गाउँ कार्यपालिकाले गरेका निर्णयहरु
## मिति २०८२/१२/१५

**निर्णय नं. १,**

प्रस्ताव नं. १ र २ का सम्बन्धमा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ ले निर्दिष्ट गरे बमोजिम पञ्चकन्या गाउँपालिकाले आ.व. ०८१/८२ सम्पादन गरेका स्थानीय शासन कार्यसम्पादनका तोकिएको विषयक्षेत्र र सूचकहरु अनुसार सम्बन्धित शाखाहरुले प्रविष्ट गरेका विवरणहरुका सम्बन्धमा स्थानीय स्वमूल्याङ्कन समिति र सम्बन्धित विषयगत समितिबाट छलफल भई कार्यपालिका समक्ष प्राप्त LGPAS सम्बन्धी विवरण आवश्यक सुधार र पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति समक्ष पेश गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. २,**

राष्ट्रिय रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिको मिति २०८२/१२/१५ बसेको बैठकको निर्णय नं. १ र २ लाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३,**

गाउँपालिका र वडा अन्तर्गतबाट सञ्चालित योजनाहरु विभिन्न कारणले कार्यान्वयन गर्न कठिनाई हुने तथा कार्यान्वयन भईरहेकोलाई रकम अभाव हुने भएकोले देहायबमोजिम हुने गरी शिर्षक परिवर्तन तथा रकमान्तर गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क्र. सं. | साविक योजनाको नाम | रकम | नयाँ हुने योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | भैपरी आउने विविध कार्यक्रम | रु. ७५,०००/- | वडा कार्यालयका लागि कलर प्रिन्टर खरिद | रु.२५,०००/- | वडा नं. १ रकमान्तर |
| | | | सत्य नारायण मन्दिरका लागि रड खरिद | रु.४०,०००/- | |
| २. | भ्रमण खर्च | रु. २,००,०००/- | सवारी साधन मर्मत | रु.३५,०००/- | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | लामा टोलमा भाषा लिपि सिक्ने कार्य वडा नं. ३ | रु.१,५०,०००/- | तालाङ ज्योहोलिङ गुम्बा निर्माण वडा नं. ३ | रु.१,५०,००० /- | शिर्षक परिवर्तन |
| ४. | अति आवश्यक भैपरी आउने कार्यक्रम | रु.१,००,०००/- | निवोटे खेत सिंचाई पानी तान्ने पम्प र पाईप खरिद | रु.२५,०००/- | शिर्षक परिवर्तन र रकमान्तर वडा नं. ३ |
| | | | मुहाने मन्दिर निर्माण | रु.५०,०००/- | |
| | | | घलेभञ्ज्याङ राम मन्दिर मर्मत | रु.२५,०००/- | |
| ५. | कात्तिके स्याङतान कुवा संरक्षण | रु.५०,०००/- | अपाङ्गमैत्री सडक स्याङ्तान डाडा | रु.५०,०००/- | |
| ६. | राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी | रु.१,००,०००/- | दरमालेबाट डाडा घर टोल पदमार्ग निर्माण | रु१,००,०००/- | |
| ७. | रक्तकाली मन्दिर निर्माण | रु.१,२५,०००/- | रक्तकाली मन्दिर सिंढी निर्माण | रु.१,२५,००० /- | वडा नं. ४ |
| ८. | चिउरीको खोल्सा रुम्टो देखि भेडाबारी महिला सहकारीसम्म नालि निर्माण | रु.२,००,०००/- | चिउरी खोल्छाको सडक ढलान गर्ने कार्य वडा नं. ५ | रु.२,००,००० /- | शिर्षक परिवर्तन |
| ९. | भैपरी आउने चालु खर्च | गाउँपालिका | अदुवा खेती प्रवर्द्धन कार्यक्रम | रु.६५,०००/- | |
| १० | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम | रु.११,७५,०००/- | गहुँ खरिद र ढुवानी | रु.५,००,००० /- | कृषि शाखा |
| | | | मकै खरिद र ढुवानी | रु.४,००,००० /- | |
| | | | धान खरिद र ढुवानी | रु.२,७५,००० /- | |

निर्णय नं. ४,

पञ्चकन्या गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०७७ मा बरिष्ट हवल्दार र हवल्दार पदको समेत कल्पना गरिएको छ। सो बमोजिम पद पूर्ति नहुँदा समान पदका बाट आदेशको श्रृङ्खला कायम गर्दै कर्तव्य पालन गराउँन समस्या भएको कारण सो कार्यविधि बमोजिम देहाय अनुसारको नगर प्रहरीको पद सिर्जना गरी नियमानुसार पदपूर्तिको लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | पद सिर्जना | संख्या | सेवा, सुविधा र शर्त |
|---|---|---|---|
| १. | बरिष्ट प्रहरी हवल्दार | १ जना | सम्वन्धित कार्यविधि बमोजिम र स्पष्ट नभएको हकमा कार्यापालिकाको निर्णय बमोजिम हुने। |
| २. | प्रहरी हवल्दार | १ जना | |

आजको बैठक अन्य विषय नभएकोले सम्पन्न गरियो।

Scanned with CamScanner